# नरहा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
प्रदेश नं. २ (नेपाल)

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति :- २०७६/०१/१९)**

प्रमुख प्रशासकीय अधिकृत

नरहा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको लागि आवश्यक भएको तपशिल बमोजिमका निर्माण कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट कार्य गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी, फर्म, कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको १५ दिने सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता र आ.ब. २०७४।०७५ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथै निवेदन साथ दरभाउपत्रको दस्तुर रु. १०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) नरहा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नरहा, सिरहामा जम्मा गरेको नगदी रसिद सहित दरभाउपत्रदाता वा निजको अधिकारिक प्रतिनिधिले पेश गरेमा यस गाउँपालिकावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र यस गाउँपालिकाको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट खुलाई फर्मको सहीछाप लगाई सिलवन्दी लाहाछाप गरी नरहा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नरहा, सिरहामा मात्र दर्ता गराउनु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिन दिनको २:०० वजे दरभाउपत्रदाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. दरभाउपत्र साथ जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, सिरहा स्थित नरहा गाउँकार्यपालिकाको कार्यालय, नरहा, सिरहाको धरौटी 2130303007112 खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त बैंकबाट यस गाउँपालिकाको नाममा जारी भएको सक्कल विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

५. दरभाउपत्रदाताले मूल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नु पर्नेछ।

६. दरभाउपत्रमा आइटम वाइज दररेट अंक र अक्षर दुवैमा अनिवार्य स्पष्ट लेख्नु पर्नेछ सो अनुसार नभएको दरभाउपत्र मान्य हुने छैन साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

७. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी भरेको मानिनेछ।

८. म्याद नाघि आएको, रीत्त नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१०. दरभाउपत्रदातावाट पेश भएको दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

११. पूर्व बोलपत्र बैठक (Pre-Bid meeting) २०७६।०१।२६ गते दिनको १२:०० बजे नरहा गाउँकार्यपालिकाको कार्यालय, नरहा, सिरहामा वस्नेछ।

१२. यस सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ। यस कार्यालयको सम्पर्क मोवाईल नम्बर ९८०४८६००२४ वाट समेत जानकारी प्राप्त गर्न सकिने छ।

**तपशिलः-**

| सि.नं | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १ | NRM-०१/२०७५/०७६ | नरहा गा.पा. वडा नं. ५ नालानिर्माण अशेश्वर यादवको घरदेखि उत्तर गा.पा. वडा नं.४ दुःखी यादवको घर सम्म | १७१६८१४।१६ | ४३०००।०० | |
| २ | NRM-०२/२०७५/०७६ | नरहा गा.पा. हनुमान चौक देखि पूर्व हेम नारायण ट्रष्टको जग्गामा वाउण्ड्री | १२८७६१०।६२ | ३२५००।०० | |
| ३ | NRM-०३/२०७५/०७६ | नरहा गा.पा. वडा नं ३ मदरसाको भवन निर्माण | ६८६७२५।६६ | १७५००।०० | |
| ४ | NRM-०४/२०७५/०७६ | नरहा गा.पा. वडा नं. ४ स्थित नदीमा पुल निर्माण कार्य | १२८७६१०।६२ | ३२५००।०० | |
| ५ | NRM-०५/२०७५/०७६ | वडा भरीमा कृषि विधुत पोल तार जडान र जडान भएको पोलहरुमा तार जडान गर्ने | १२८७६१०।६२ | ३२५००।०० | |
| ६ | NRM-०६/२०७५/०७६ | नरहा भित्र विभिन्न ठाउँमा विधुत जडान तार पोल कार्य | ८५८४०७।०८ | २१५००।०० | |
| ७ | NRM-०७/२०७५/०७६ | नरहा गा.पा. वडा नं. ४ बर्छावा वडा नं ८ र ९ भगवती थान नजिक मोटर सहितको स्टेट बोडिङ्ग जडान | ८५८४०७।०८ | २१५००।०० | |
| ८ | NRM-०८/२०७५/०७६ | नरहा गा.पा. वडा नं ४ साविक बर्छावा ३ राम अवतार यादवको घर देखि पश्चिम तेलिया पोखरी हुँदै ट्रान्सफर्मर सम्म ४ मी. चौडा ५०० मी. लम्वाई ०.१५ मी. मोटाईको आर.सी.सी. ढलान गर्ने कार्य | १७१६८१४।१६ | ४३०००।०० | |
| ९ | NRM-९/२०७५/०७६ | बलुवा चौक देखि वडा कार्यालय सम्म ढलान कार्य | १७१६८१४।१६ | ४३०००।०० | |
| १० | NRM-१०/२०७५/०७६ | चोहर्वा क्याम्प भित्र सर्पदंश केन्द्रको भवन निर्माणको लागि रड खरिद कार्य | ८५८४०७।०८ | २१५००।०० | |